


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ २० गते आइतबार ❑ 5 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## राज्यले निजी क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ– मुख्यमन्त्री पोखरेल

**रासस**
**कावासोती, १९ भदौ**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले राज्यले निजी क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ।

र ा ज य ल ` केही आफ्ना दायित्वअन्तर्गत पर्ने काम नाफा वा घाटा जे भए पनि गर्नुपर्ने र त्यसबाहेकका क्षेत्रमा भने राज्यको भूमिका समन्वयकर्ता र उत्प्रेरकको रूपमा हुनुपर्ने उहाँले बताउनुभयो। नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीमा नवलपुर उद्योग सङ्घको दोस्रो साधारणसभा कार्यक्रममा मुख्यमन्त्री पोखरेलले भन्नुभयो, "राज्यले निजी क्षेत्रलाई प्रोमोट गर्नुपर्छ, राज्यले आफैँ उद्योग चलाउँछु, आफैँ व्यापार गर्छु, आफैँ कमाउँछु, त्यो सम्भव छैन भन्ने कुरा प्रमाणित



भएको छ। केही दायित्वहरूको छन्, जुन राज्यले बोक्नुपर्छ, चाहे घाटा लागोस् चाहे फाइदा होस्, ती क्षेत्रबाहेक अरुमा राज्यको भूमिका भनेको समन्वयकर्ताको हो, उत्प्रेरकको हो, जसका आधारमा निजी क्षेत्रहरू अघि बढ्नुपर्छ।"

मुख्यमन्त्री पोखरेले उद्योग स्थापनामा केही कानुनी जटिलता रहेको स्वीकार गर्दै कानुन सहज बनाउनेतर्फ लाग्नुपर्ने बताउनुभयो। कानुनले रोक्नेभन्दा भएका अप्ठ्यारा फुकाउनुपर्ने उहाँले बताउनुभयो। "कानुन राम्रो हुनुपर्‍यो, कानुन सहज हुनुपर्‍यो, कानुनले रोक्ने होइन, कानुनले फुकाउनुपर्‍यो, यसतर्फ हाम्रो ध्यान नपुगेको स्वीकार गर्नुपर्छ", मुख्यमन्त्री पोखरेले भन्नुभयो, कानुनी अप्ठ्यारो फुकाउन भने अझै पनि माथि ताक्नुपर्ने छ। उद्योग स्थापनाका लागि आउने अप्ठ्यारा फुकाउन आफू र आफ्नो प्रदेशले गर्ने कुरा तत्काल हुनसक्ने र प्राथमिकतामा पर्ने उहाँले बताउनुभयो। अझै पनि धेरै कुराहरू सङ्घीयताको मर्मअनुसार बढ्न नसकेको मुख्यमन्त्री पोखरेले बताउनुभयो। "मैले फुकाइदिने कुरा, मेरो प्रदेशको कुरा तत्काल हुनसक्थ्यो, यो मेरो प्राथमिकतामा हो, केन्द्रबाट धेरै जटिल हुन्छ भनेर सङ्घीयता ल्याएको हो तर अहिले पनि धेरै यस्ता कुराहरू छन्, जुन यो मर्मअनुसार अगाडि बढ्न सकेको छैन", मुख्यमन्त्री पोखरेले भन्नुभयो।

मुख्यमन्त्री पोखरेले प्रदेश सरकारले औधोगिक क्षेत्रमा लगानीकर्ता भित्र्याउन लगानी सम्मेलन गर्ने तयारी गरिरहेको बताउनुभयो। यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूबीच छलफल चलिरहेको समेत उहाँले बताउनुभयो।

## पोखरा क्षेत्रका अधिकांश अस्पतालको नविकरण गर्न ढिलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौ**

पोखरा क्षेत्रका अधिकांश निजी अस्पतालहरुको नविकरण गर्न ढिलाई भएको छ।

गत आर्थिक बर्षदेखि कोरोनाको प्रभाव देखा परेसंगै पोखरा महानगरको स्वास्थ्य महाशाखा र गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले समयमै अस्पतालहरुको निरिक्षण नगर्दा पोखरा क्षेत्रका अस्पतालको नविकरण गर्न ढिलाई भएको निजी अस्पताल संचालकहरुले नै गुनासो गरेका छन्। एसोसिएसन अफ प्राईभेट हेल्थ इन्स्टिच्यूट अफ नेपाल (अफिन) गण्डकी प्रदेशको दोश्रो साधारण सभामा वोल्दै अस्पताल संचालहरुले आफुहरुको समयमै नविकरण गर्न सरकारी निकायले समयमै अनुगमन नगरेको गुनासो गरेका हुन्। आफुहरुले समयमै सरकारी निकायमा नविकरण गर्न आग्रह गर्दा पनि विगत दुई बर्षदेखि प्रायः अधिकांश पोखरा क्षेत्रका साना तथा ठुला निजी अस्पतालहरुको हालसम्म नविकरण नभएको अफिन गण्डकीका अध्यक्ष असोक पालिखेले बताए।

सरकारी निकायको कारण पोखरा क्षेत्रका अधिकांश अस्पतालको नविकरण गर्न ढिलाई भएको उनको भनाई थियो। हरेक बर्ष सरकारी निकायको अनुगमन तथा निरिक्षण भए पश्चात वेड सङख्या र त्यसको सेवाको



आधारमा नविकरण हुने गर्दछ।

अध्यक्ष पालिखेले विना लगानीका नयाँ व्यवसायहरु आएको दाबी गरे। उनले भने " कुनै अस्पतालमा बिरामीको मृत्यु हुदाँ त्यसको अनुसन्धान हुनु पुर्व वार्गेनीङ गर्ने अनि प्रशासनले पनि तपाईहरु मिल्नुहोस भन्ने तरीकारले विना लगानीका नयाँ व्यवसाय भित्रिएका छन, यो हाम्रो लागि निकै खतराको संकेत हो।" गलत संस्कारलाई प्रशासनले नै निरुत्साहित गर्नुपर्ने अध्यक्ष पालिखेले जनाए। उनले भने "यदि कुनै चिकित्सक तथा अस्पतालको लापरवाही भएको खण्डमा कानुन अनुसारको कारवाही गर्न हामी पनि तयार भएको अबस्थामा जवरजस्ती बार्गेनीङ गरेर रमक अशुल्ने गलत संस्कार सुरु भएको छ, यसलाई सवैले तोड्नु पर्छ, स्वास्थ्य क्षेत्र सेवा मुलक हो, निजी क्षेत्रले लगानी गरे पछि प्रतिफल त पाउनु पर्‍यो नी। " पोखरा क्षेत्रमा करिब २३ सहित गण्डकी प्रदेशमा निजी २८ वटा अस्पतालहरु रहेको अफिनका महासचिव श्रीकान्त खतिवडाले बताए। उत्त कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङख्या मन्त्रालयका सचिव डा.विनोद विन्दु शर्माले पोखरामा हेलि देखि सेवालिन आउन थालेकोले पोखरा क्षेत्रको स्वास्थ्य क्षेत्रमा थप गुणस्तरिय सेवा विस्तार गर्नुपर्नेमा जोड दिए। पोखरा क्षेत्रमा रहेका धेरै अस्पतालहरु मध्य एउटा अस्पतालबाट मात्र नविकरणको बिषयमा चासो देखाएको अन्यले खासै चासो नदिएको उनले जनाए। गुणस्तरिय सेवा सहित स्वास्थ्यमा एकरुपता हुन शर्माको जोड थियो। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत खत्रीले आगामी ४ बर्षमा मोडल अस्पतालको रुपमा प्रतिष्ठानलाई स्थापना गरेर छाड्ने दाबी गरे। अफिनका अध्यक्ष पालिखेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा डा.पद्म खड्का, डा.राजन शर्मा, डा गिरीधारी शर्मा लगायतले पोखरामा मेडिकल टुरिजमको समेत धेरै सम्भावना भएकोमा जोड दिए।

## 'प्रतिगमनकारीबाट जनताको उपलब्धि खतरामा'

**पोखरापत्र संवाददाता**
**लमजुङ, १९ भदौ**

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का स्थायी कमिटी सदस्य देवप्रसाद गुरुङले जनयुद्ध र जनआन्दोलनबाट प्राप्त जनताको उपलब्धि प्रतिगमनकारीबाट खतरामा पर्ने देखिएको बताउनुभएको छ।

पार्टीको मध्यनेपाल नगर कमिटीको दोस्रो बैठकलाई आज यहाँ सम्बोधन गर्नुहुँदै पार्टीका प्रमुख सचेतक गुरुङले भन्नुभयो, "जनताले ठूलो योगदानका साथ लडेर बचाएको राष्ट्रिय र स्वाधीनता खतरामा पर्नबाट बचाउनका लागि सबै पार्टीका इमान्दार कार्यकर्ता र जनता सचेत ढङ्गले अघि बढ्नुपर्छ।" त्यस्तै पार्टीका जिल्ला अध्यक्ष तथा गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मधुमाया अधिकारी गुरुङले जनयुद्धमा ज्यान गुमाएका र बेपत्ता परिवारको निःशुल्क उपचार गरिने बताउनुभयो। उहाँले स्तन, पाठेघर क्यान्सरलगायतका रोग लागेका नागरिकको पनि निःशुल्क उपचार गर्ने बताउनुभयो। माओवादी केन्द्र मध्यनेपाल नगर कमिटीका अध्यक्ष रामचन्द्र पौडेलले पार्टीलाई अगाडि बढाउनका लागि महत्वपूर्ण विभिन्न निर्णय भएको बताउनुभयो। उहाँका अनुसार शनिबार नै योङ्ग कम्युनिष्ट लिग नेपाल (वाईसीएल)को मध्यनेपाल नगर कमिटी भेलासमेत सम्पन्न भएको छ।

## एक हजार २६८ मा संक्रमण, नौ व्यक्तिको निधन

**रासस**
**काठमाडौं, १९ भदौ**

कोरोना भाइरसको सङ्क्रमण शनिबार एक हजार २६८ व्यक्तिमा देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत २४ घण्टामा नौ हजार ८७५ मा परीक्षण उक्त सङ्ख्यामा सङ्क्रमण देखिएको हो। शुक्रबार एक हजार ७५६ व्यक्तिमा सङ्क्रमण देखिएको हो। सक्रिय सङ्क्रमित ३१ हजार ८२६ रहेका छन्। सङ्क्रमणबाट निको भई शनिबार दुई हजार १९५ जना घर फर्किएका छन्। अहिलेसम्म सात लाख २५ हजार ६५१ व्यक्ति निको भई घर फर्किएका हुन्। शुक्रबारको तुलनामा निको हुने दर शनिबार पनि बढेको छ। आज निको हुने दर ९४.५ प्रतिशत पुगेको छ। लगातार तीन दिनदेखि निको हुने दर बढेको छ। बुधबार ९४.१ प्रतिशत, बिहीबार ९४.२ र शुक्रबार ९४.३ प्रतिशत निको हुने पुगेका छन्। सङ्क्रमणबाट निधन हुनेको सङ्ख्या विगत २४ घण्टामा घटेको पाइएको छ। सङ्क्रमणबाट आज नौ जनाको ज्यान गएको छ। यो सङ्ख्या यस महिनाको कम हो। शुक्रबार २३ जनाको सङ्क्रमणका कारणले निधन भएको थियो। अहिलेसम्म १० हजार ८१८ जनाको सङ्क्रमणबाट ज्यान गएको छ। नेपालमा प्रति १० लाखमा ३६४.६ जनाको सङ्क्रमणको कारणले निधन हुने गरेको छ।

यस्तै ५५४ जना सघन उपचारकक्ष (आइसीयू), १७२ भेन्टिलेटर, २९ हजार ६५८ होम आइसोलेशन, दुई हजार १६८ संस्थागत आइसोलेशन र २७४ जना क्वारेन्टिनमा रहेका छन्। नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत छ। पाँच सयभन्दा बढी सङ्क्रमित हुने जिल्ला १९ छन्। एक लाख सात हजार ५९८ जनाले आज कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

## संघीय निजामती सेवा ऐन छिट्टै ल्याइनेछ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, १९ भदौ**

प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय निजामती सेवा ऐन जतिसक्दो छिटो ल्याएर निजामती प्रशासनलाई थप व्यवस्थित र चुस्त बनाइने बताउनुभएको छ।

नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवस, २०७८ का अवसरमा प्रकाशन गरिएको कर्मचारी पत्रिकाको शनिबार विमोचन गर्दै उहाँले सो कुरा बताउनुभएको हो। प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रममा नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका उहाँले सरकार निजामती कर्मचारीका हकहित र सुरक्षामा संवेदनशील रहेको बताउनुभयो। मुलुकको स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रले इमान्दारिता र निष्पक्षतापूर्वक सेवाग्राहीमैत्री भएर नागरिकलाई सेवा दिनुपर्ने बताउँदै प्रधानमन्त्री देउवाले सो कार्यका लागि सम्पूर्ण निजामती कर्मचारीलाई आह्वानसमेत गर्नुभयो। उहाँले कानुनले दिएका अधिकारभित्र रहेर नियमसम्मत तरिकाले जनतालाई सेवा प्रदान गर्ने कार्यमा निजामती कर्मचारी युनियनले आफ्नो सङ्गठनात्मक शक्ति र

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## वडा १३ को इकाई सभापतिमा माधव सिग्देल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौ**


नेपाली कांग्रेस पोखरा महानगरपालिका वडा नं १३ को १४ औं महाधिवेशन अन्तर्गत वडा अधिवेशनले माधव सिग्देललाइ सभापतिमा निर्विरोध चयन गरेको छ।


शुक्रवार भएको अधिवेशनले उप सभापतिमाद्धयमा गोविन्द प्रसाद सिग्देल, रवि बराल, सचिवद्धयमा भरत सिग्देल, सुदिप गुरुङ्ग, सहसचिवद्धयमा प्रविण चन्द्र बराल, ममता घिमिरे चयन भएका



छन्।

त्यसैगरी सदस्यहरुमा क्रमश पार्वती बराल पौडेल, लक्ष्मण प्रसाद बराल, शारदा वराल, लक्ष्मी वास्तोला, कृष्ण वहादुर थापा, भुजेल, शेरजङ्ग लामा, अब्बु बकरीया, सुरेन्द्र क्षेष्ठ, दिनेश गुरुङ्ग, फैसल खान, पुरूषोतम राज घिमिरे, मिनेश राज प्रधान, तोयनाथ बराल, शुशिला देवी भण्डारी, चन्द्रा सुवेदी बराल, कृष्ण प्रसाद सिग्देल, कृष्ण राज गौतम, चेली गुरुङ, लक्ष्मी जिशी, बुद्धिप्रसाद बराल, सुजता थापा भुजेल, सोनिया गुरुङ, सुरेस गुरुङ, फुलमया विक, मिना कुमारी ढकाल, सुभाष गुरुङ राजकुमार बराल, चेतवहादुर गुरुङ, रनवहादुर सार्की, र जुनेद अहम्बद छन्। सोही दिन भएको भेलाले ६० जना क्षेत्रीय प्रतिनिधि चयन गरेको छ।



# कमलपोखरी मार्ग टोल विकास संस्थाको १६ औं साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौ

पोखरा महानगरपालिका वडा नं १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको १६ औं वार्षिक साधारण सभा तथा सम्मान कार्यक्रम शनिवार सम्पन्न भयो।

वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले सभाको उद्घाटन गर्दै पोखरामै नमुन टोल भएको भने । आफ्नो टोलमा कुनै पनि सदस्यलाइ आइपरेको समस्या आँफै समाधान गर्न सक्ने प्रतिभा भएकोमा अध्यक्ष लामाले खुशी व्यक्त गरे । कार्यक्रममा चन्दादाता र सामाजिक कार्यमा अग्रसर संस्था गरी २२ जनालाई सम्मान गरियो ।

कमलपोखरी मार्ग टोल विकास संस्थाका अध्यक्ष सु. इन्द्रबहादुर गुरुङले कमलपोखरी तालमा व्यवस्थापनको लागि दीर्घकालीन



योजना ल्याउनु पर्नेमा जोड दिए।

कमलपोखरीमा पानी सतह बढेपछि चार घरमा बस्न सक्न अवस्था नभएपछि कमलपोखरी संस्थाले आफ्नै भवनमा बस्ने खाने व्यवस्था गरेको अध्यक्ष सु. गुरुङले बताए।

उनै अध्यक्ष सु. गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा कमलपोखरी मार्ग टोल विकास संस्थाको आमा सममुहको अध्यक्ष पूर्णकुमारी गुरुङ, संस्थाका संस्थापक अध्यक्ष रणबहादुर गुरुङ, संस्थाका सल्लाहकार वीरबहादुर गुरुङ, सम्मानित तर्फको बाट देविजङ गुरुङ, प्रेमबहादुर गुरुङ र युवा व्यवसायी दिपक परियार लगायत वोलेको कार्यक्रममा संस्थाका कोषाध्यक्ष आशकुमारी गुरुङले काषाध्यक्षको प्रतिवेदन र सचिव खड्कबहादुर गुरुङले सचिवको प्रतिवेदन सँगै कार्यक्रम संचालन गरेका थिए।

# रुपा ३ मा माओवादी केन्द्रको २१ सदस्य कमिटी गठन

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौ

नेकपा माओवादी केन्द्रको रुपा गाउँपालिका वडानं ३को भेला सम्पन्न भएको छ।

पोल्याङमा सम्पन्न भेलाले सन्त बहादुर भुजेलको अध्यक्षतामा २१ सदस्य वडा समिति सर्वसम्मत रुपमा चयन गरेको छ । समितिको सचिवमा भिम बहादुर विक निर्वाचित हुनुभएको छ भने सदस्यहरुमा टिका बस्नेत, भरत छिमाल, अनिल श्रेष्ठ, अजित केसी, काजीलाल श्रेष्ठ, विनोद भुजेल, संगिता भुजेल, शिला भुजेल, चिनबहादुर कुमाल, आह्रत बहादुर परियार,उमा क्षेत्री, राधा रानाभाट, त्रिकला सुनार, अप्सरा भुजेल, धनु भुजेल, रामबहादु सुनार, अर्जुन वि.क, श्याम कृष्ण अधिकारी र जलन कुमाल रहनुभएको छ।

यस अघि भेलाको उद्घाटन गर्दै गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति एवं माओबादी केन्द्रका प्रदेश सचिवालय सदस्य दीपक कोइरालाले देश माओवादीको ऐजेण्डामा अगाडि बढेकोले तल्लो स्तरबाटै पार्टीलाई मजवुत बनाउदै लैजानुपर्ने वताउनु भयो । नेकपा एमाले संग



समाजबादमा जानेसहमतिमा पार्टी एकता गरेपनि केपी ओलीको ध्यान जनतामा भन्दापनि भष्ट्रहरुकै संरक्षण गर्नमा केन्द्रीत भएकोले माओवादीले केपी ओलीलाई साथ दिन नसकेको बताउनु भयो। देशमा गणतन्त्र, सविधान, संघियता धर्मनिरपेक्षता जस्ता उपलब्धी माओवादीकै कारण आएको र केपी ओली त्यसलाई ध्वस्त पार्न दाउमा लागेकोले केपी ओलीसंगको एकता भंग गरेको बताउनु भयो।

उक्त क्षेत्रका प्रदेश सांसद समेत रहनु भएका कोइरालाले गाउँविकास भए मात्र देशको विकास हुन्छ भनेर आफुले रुपारि डरोडमा १० करोड भन्दा बढि बजेट हालेको यस्तै वेगनास भोर्लेटार सडक निर्माण, खानेपानी, कृषि , सिंचाई र भवन निर्माण, पार्क र बाटोमा प्रदेश सरकारको तर्फबाट रुपमा धेरै काम भएको बताउनु भयो।

नेकपा माओबादीकी नेतृ निर्मला क्रान्तिले तिर्थ भुजेल, कमल भुजेल, विजय बास्तोला लगायतले सहिद बनेर ल्याएको उपलब्धीमा विरोधीले रजाई गरेको तर जनताको हक अधिकारमा मौन बस्ने गरेको बतानउनु भयो। आफुहरुले शिक्षा स्वास्थ्यमा सवैको लागि निशुल्क हुनुपर्छ भन्दा काग्रेस एमालेले निजीकरणमा जोड दिने गरेको उहाँको भनाई थियो। माओबादी केन्द्रका जिल्ला सचिवालय सदस्य अमरदिप पराजुलीले संघियताको विरोध गर्नेहरुलाई राम्रो संग अध्ययन गर्न सुझाव दिनुभएको छ। पराजुलीले ५ वटा गाविस मिलेर रुपा गाउँपालिका बनेको भन्दै पहिले गाविस हुदा एक गाविसमा १० लाखका दरले बजेट आउनेमा अहिले रुपा गाउँपालिकामा ५० करोड केन्द्रबाट मात्रै आउने गरेको बताउनु भयो। संघियताको सहि कार्यान्वयन आजको आवश्यकता बनेको पराजुलीको भनाई थियो ।जनतालाई सेवा सुविधा दिनेभन्दा पनि आफ्नै बढी सेवा सुविधा जनप्रतिनिधिले लिनेगरेकोले गुनासो आउने गरेको बताउनु भयो।

नेकपा माओबादी केन्द्रका रुपा गाउँपालिका सचिव नवराज बरालले रुपामा माओवादीप्रति जनलहर आएको वताउनु भयो। उहाँले जनताबाट उठाएको कर जनतार्कै विकासको लागि बजेट आउनुपर्ने बताउनु भयो। उहाँले रुपाले कर धेरै लिन रुपाको जग्गाको मुल्याङकन धेरै गरेर जनताको ढाड सेक्ने काम गरेको बताउनु भयो। नवनिर्वाचित सन्त बहादुर भुजेलले पार्टीको निर्देशन अनुसार काम गर्न आफुप्रतिबद्ध रहेको र वडामापनि योजना बनाएर पार्टीको लागि कामगर्ने बताउनु भयो।

# घाचोकमा अन्तर्राष्ट्रिय गिद्ध संरक्षण दिवसको अबसर पारी अन्तरक्रिय

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौ

जटायु संरक्षण तथा गौरक्षक केन्द्र ब्यबस्थापन समिति माछापुच्छ्रे ३ घाचोकले अन्तराष्ट्रिय गिद्ध संरक्षण दिवसको अबसर पारि अन्तरक्रिया तथा गिद्ध गणना कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा बोल्दै गाँउपालिकाका अध्यक्ष कर्णबहादुर गुरुङले गिद्धहरु घट्दोक्रममा रहेकोले राष्ट्रिय स्थरबाटै गिद्ध संरक्षण हुनुपर्ने बताउदै आन्तरीक तथा बाहय पर्यटक भित्र्याउन तथा प्रकृतिको कुचिकारको रुपमा रहेको गिद्धलाई संरक्षण तथा ब्यबस्थापन गर्न गाउपालिकाको तर्फबाट सक्दो पहल गर्ने बताए । हाल जटायु



संरक्षण तथा गौरक्षक केन्द्रमा २ सयभन्दा बढि प्रजातिका गिद्ध रहेका छन । अनउत्पादक तथा बयस्क चौपायाहरुलाई ब्यबस्थापन गर्दै आएको संरक्षण केन्द्रले हरेक बर्ष सेप्टेम्बर महिनाको पहिलो शनिबार बिबिध कार्यक्रम गरि अन्तराष्ट्रिय गिद्ध संरक्षण दिवस मनाउदै आएको छ । कार्यक्रममा संस्थापक अध्यक्ष रबिलाल पोखरेल, कर्म फाउण्डेसनका अध्क्ष राजु परियार लगाएतका वक्ताहरुले गिद्ध संरक्षणको महत्व र समाजमा यसले पार्ने प्रभावको बारेमा चर्चा गरेका थिए । संस्थाका अध्यक्ष केशब पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा सचिव राजेन्द्र पोखरेलले सञ्चालन गरेका थिए।

# डब्लुएचओको क्षेत्रीय बैठक नेपालमा

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौ

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को क्षेत्रीय कार्यकारी समितिको वार्षिक बैठक नेपालमा हुने भएको छ। बैठक यही भदौ २१ देखि २५ सम्म काठमाडौँमा हुने भएको हो।

बैठकमा विश्व स्वास्थ्य सङ्गठनका महानिर्देशक डा ट्रेडोस अधानम घेब्रेयेसस, क्षेत्रीय निर्देशक डा पुनम खेत्रपाल सिंह, क्षेत्रका सदस्य मुलुकका स्वास्थ्यमन्त्री तथा स्वास्थ्य अधिकारीहरू, संयुक्त राष्ट्रसङ्घका निकायलगायत संस्थाका प्रतिनिधिको उपस्थिति हुनेछ। बैठकमा सार्वजनिक स्वास्थ्य आपत्कालको पूर्वतयारी तथा प्रतिकार्यको सुदृढीकरण, नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणको प्रगतिलाई थप गतिदिने र भाइरल हेपाटाइटिस, एचआईभी र यौन रोगहरुको उन्मूलनलगायत विषयमा छलफल हुनेछ। यस्तै बैठकमा स्वास्थ्यमा सर्वव्यापी पहुँचको प्रगतिको अनुगमन, विद्यालय स्वास्थ्यको पुनरुत्थान र खोपद्वारा रोकथाम गर्न सकिने रोगका लागि खोपकार्य योजनाका लागि क्षेत्रीय कार्यढाँचाका बारेमा पनि छलफल हुनेछ।






# कुँडहरमा पानी पँधेरो डिपार्टमेन्ट संचालन

पोखरापत्र संवाददाता
पोखरा, १९ भदौ

भान्छा कोठामा दैनिक कार्य गर्नुहुन्छ ? खानेकुरा सकियो भने अव पिर नमानुहोस। वडा नं १३ स्थित विपी मार्गमा शनिवार पानी पँधेरो डिपार्टमेन्ट स्टार्स खुलेपछि तपाइको भान्छाको समस्या हट्ने भएको हो।

आठौं शाखा संचालन पछि कुँडहर वासीलाई खाद्यान्न मात्र नभै घरमा आवश्यक पर्ने धेरै सरसमान होम डेलिभरिको व्यवस्था पनि गरिने प्रालिका शेयर सदस्य अमृत कार्कीले पोखरापत्रलाई बताए। पोखरामा बगर, बिरौटा, हरिचोक, काहुँखोला, नागढुङा, लेखनाथ अर्धौमा पानी पँधेरो संचालन भइरहेको सदस्य कार्कीले भने ।

आठौ शाखाको वडा अध्यक्ष दर्शन लामाले उद्घाटन गर्दै पानी पँधेरोको शाखा पोखरामा मात्र नभै नेपाल भरी शाखा स्थापना होस भनी शुभकामना दिए । कुँडहर वासीलाई सस्तो भन्दा सस्तो गुणस्तर युक्त सामन विक्री



वितरण गर्नुपर्ने अध्यक्ष लामाको जोड थियो । कुँडहर शाखामा दैनिक उपभोग सामाग्रीहरु कस्मेटिक आइटमहरु, पेय पदार्थहरु, गिफ्न तथा बच्चाका खेलौनाहरु राखिएको छ। पानी पँधेरो प्रालिका अपरेशन मेनेजर दिवेन भट्टराईले कुँडहरवासीलाई टाढा सामान किन्न जानु पर्ने झन्झट हट्ने जानकारी दिए। पानी पँधेरो प्रालिका अध्यक्ष कुलदिप भट्टाईको अध्यक्षतामा भएको कार्यक्रममा प्रालिका मानव संसाधन विभागगका प्रमुख धर्मराज गरुङले संचालन गरेका थिए।

# संघीय...

सहयोग प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा प्रधानमन्त्री देउवाले निवर्तमान सचिव गोपीनाथ मैनालीलाई दोसल्ला ओढाएर प्रमाणपत्रका साथ सम्मान गर्नुभएको प्रधानमन्त्रीका निजी सचिव बद्री तिवारीले जानकारी दिनुभयो।

कार्यक्रममा काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेता कृष्णप्रसाद सिटौलाले निजामती कर्मचारीले जनतालाई दिने प्रभावकारी एवं चुस्त सेवासँग सरकारको सफलता गाँसिएको बताउँदै त्यसतर्फ इमान्दारितापूर्वक लाग्न सम्पूर्ण कर्मचारीलाई आग्रह गर्नुभएको थियो । युनियनका अध्यक्ष गोपालप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा युनियनका पदाधिकारी, पूर्वअध्यक्षहरूको थियो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्बन्धी रोग:** छारसुगद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७६५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# समस्या खडा नगर

सरकारले हुम्लाको नाम्खामा चीनसँगको सीमा विवादका सम्बन्धमा अध्ययन गर्न गृहमन्त्रालयका सहसचिव जय नारायण आचार्यलाई संयोजक तोकेको छ । चीनसँग सिमा समस्या नभएको बेला सरकारले समिति गठन गर्नु असान्दर्भिक हो । मन्त्रिपरिषद्ले बुधवार हुम्ला जिल्लामा पर्ने लिमी लाप्चादेख हिल्सासम्म चीनसँग जोडिएको सीमा क्षेत्रको अध्ययन गर्ने निर्णय गरेको थियो । गृह, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नापी विभागका प्रतिनिधित्व हुने गरि गठन गरेको समितिका संयोजक सप्तरीका प्रमुख जिल्ला अधिकारी हुन । नेपाल प्रहरी, सशस्त्र प्रहरी र नापी विभागलाई प्रतिनिधि खटाउन पत्राचार भएको छासरकारले चीनसँग सिमा समस्या खडा गरेर प्रचार गराउन खोजेको छ । यसबारे चिनियाँ दुतावासले विज्ञप्ति निकालेर कुनै समस्या नभएको बताएको छाभारतसंगको सिमा विवाद हल गर्नुपर्नेमा चीनसँग पनि समस्या छ भनेर ध्यान अन्यत्र मोड्ने काम हो ।

गत वर्ष चीनले नेपालको भूभागमा भवनहरू बनाएर सीमा मिचेको समाचार सार्वजिनक भएको थियो । हुम्लाबाट कर्णाली प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेपाली काग्रेसका नेताले स्थलगत अध्ययनपछि सीमा क्षेत्रमा नेपालको भूभागमा चीनले ९ वटा भवनहरू बनाएको दाबी गरेका थिए। त्यतिबेला चीनले सीमा नमिचेको अडान सार्वजनिक गरेको थियो भने नेपाल सरकारले पनि चीनसँग कुनै सीमा समस्या नभएको भन्दै सीमा मिचिएको दाबीको खण्डन गरेको थियो ।

त्यसपछि सामसुम देखिएको चीनसँगको सीमा विवाद अहिले नै कोट्याइहाल्नुपर्ने कारण भने स्पष्ट देखिएको छैन । भारतसँगका दार्चुला तुइन काण्डमा कडा प्रतिवाद गर्न नसकेको आरोप लागिरहेकै बेला सरकारले यो चीनसँगको कूटनीतिक झमेला बल्झाएको छ। रणनीतिक उपचारका रूपमा यो उपाय अपनाइएको हो भने त्यो प्रत्युत्पादक हुनेछ । चीनसँग सीमा जोडिएको हुनाले सामान्य विवाद देखिन सक्छ । कतै सीमा विवाद आउन सक्ने ठानेर सरकारले अध्ययन गर्ने सक्छ । जानकारी लिएर बस्न सक्छ। सरकारले अध्ययनको अनावश्यक हल्ला गरेर कसैलाई खुशी बनाउन खोजेको देखिन्छ। कांग्रेस प्रदेश सभा सदस्य जीवन बहादुर शाही र कांग्रेस उपसभापति विमलेन्द्र निधिले दबाब दिएको आधारमा समिति गठन गरेर असल छिमेकीलाई चिढ्याउने काम गरेकोमा छ।

नेपाललाई हेपेको वा थिचोमिचो गरेको लागेमात्र कूटनीतिकबाहेक अरू माध्यमको प्रयोग गर्ने हो। हुम्ला सीमा विवाद त्यस चरणमा पुगेको छैन। सरकार परिवर्तन हुनेवितिक्कै विदेश नीति फेर्नु हुदैन । अघिल्लो सरकारले छानबिन गरेर कुनै विवाद नदेखिएको सदनमा जानकारी गराइसकेको छ । सिमा विद्ले पनि विवाद छैन भनिरहेको अवस्थामा कांग्रेस महाधिवेशनमा कुनै नेताको चित्त बुझाउन गरिएको हो भने यो कदम प्रत्युत्पादक हुन्छ। हाम्रोजस्तो मुलुक कसैसँग नजिक र टाढा हुनुहुँदैन। कांग्रेस जस्तो पुरानो पार्टीको नेतृत्वको सरकार अविश्वसनीय बन्नु हुदैन।

चीनले नेपालसँगको परम्परागत मित्रता जोगाउन पुरानै शान्त कूटनीतिको अभ्यास गरिरहेको छ। नेपाल र चीनबीचको मित्रता सरकारका यस्ता सामान्य विवादबाट प्रभावित हुनु पर्दैन। देशको प्रमुख राजनीतिक दल देखि सत्तासीन अन्य दल पनि चीनसँगको सम्बन्ध विगार्न हुदैनन् भनेर प्रधानमन्त्री शेर बहादुर देउवालाई संझाउन सक्ने अवस्था छ। सरकारले कुन विषयमा कसरी चल्नुपर्छ पर्छ भन्ने ख्यालौ पुर्‍याउनुपर्छ। यस विषयलाई राजनीतिकरण गर्ने वा चीनको चित्त दुखाउने काम अहिले गर्नु उचित र आवश्यक छैन । सयुक्त सीमा निरीक्षण र समस्या देखिएमा समाधान गर्ने कार्य शान्त कूटनीतिकका माध्यमबाट गरिनु बुद्धिमानी ठहरिनेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मन चञ्चल |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : झमेला बड्ने | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बिकराल बन्दै, मानव बेचबिखन



अधिवक्ता इन्द्र कुमारी शर्मा

आज भाद्र २० गते देशभर मानव बेचबिखन् बिरुद्धको दिवस हो। "मानव बेचविखनमुक्त समाज हाम्रो प्रतिवद्धता, सबैको प्रयास र एक्यबद्धता" भन्ने सरकारी नारामा सिमित यो दिवस मनाइरहदा कतिलाई त, मानिसलाई पनि बेचविखन गर्न मिल्छ र ? भन्ने प्रश्न आउछ। तर हाम्रो देशमा दिनानु दिन गरिवी र बेरोजगारका कारण महिलाहरु थाहै नपाई बेचिन्छन् । कसैलाई जागिर लगाईदिन्छु भन्ने वहानामा त कसैलाई आफू विवाह गरी सुखसयलमा राख्छु भन्ने वहानामा दलालहरुले सोझा दिदीबहिनीहरुलाई बेचबिखन गरिरहेका छन्। दूर दराजका ग्रामिण वस्ती तथा शहरभित्रका अध्यारो गल्लीमा महिलाहरुलाई मिठो सपना देखाएर बेचिन्छ। उनीहरुको अवोध र सोझोपनको फाइदा उठाई उनीहरुलाई गाँउबाट शहरबजारका होटल रेष्टुरेण्टका कोठीमा । त कसैलाई छिमेकी देश भारत मुम्बईको कोठीमा पुर्‍याईन्छ। आफु बेचिएको पत्तै नपाउने गरी एउटा नारकीय जिवन जिउन बाध्य पारिन्छ। तीनै महिलाहरुलाई बेचेको पैसाले दलालहरु आजीवन मोजमस्ती गरिरहेका हुन्छन् । ती सिधासाधा महिला जस्ले आफ्नो घरपरिवारको दैनिक गुजारा चलाउन काम पाउँला भन्ने आशा बोकेका थिए । उनिहरुलाई मान्छे बेच्ने दलाल ठेकेदारहरुले फन्दामा पार्छन् । कोठीमा थुनेर जवजस्ती यौन सम्बन्ध राख्न लगाएपछि मात्र थाह हुन्छ ती नरपिसाचहरुको कालो कर्तुत। त्यति वेला हजारौंको संख्यामा अवोध महिलाहरु इच्छा विपरीत बिदेशी कोठीमा परपुरुषसंग नारकिय जिवन बिताउन बाध्य छन् । महिलाहरु परपुरुषबाट मात्र होईन आफ्न्तबाट पनि बेचिन्छन् । मानव वेचविखन गर्नेले महिलालाई मात्र बेच्दैन । ती दलालहरुको गिरोहले रोजगारीको नाउमा पुरुष र वालवालिकाहरुलाई समेत बेचविख गरेको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोग २०७६ को तथ्याङ्क अनुसार, नेपालमा बर्षेनी १७ हजारको हाराहारीमा महिला बालबालिका र पुरुषहरुको बेचबिखन हुने गरेको छ। राष्ट्रिय मानव अधिकार आयोगको गत बर्षको बेचबिखन बिरुद्धको उजुरी संख्या जम्मा एक सय ७५ रहेको छ । त्यसैगरी नेपाल प्रहरी मानवबेचबिखन अनुसन्धान ब्यूरोमा ३०५ वटा उजुरी परेको तथ्याङ्कले देखाउछ । यति धेरैको संख्यामा मानव बेचबिखन भइरहदा पनि उजुरी किन कम पर्‍यो गम्भिर प्रश्न यहि हो । राज्यको अक्षपष्ट नीतिका कारण अन्तरदेशिय बिवाह, बैदेशिक रोजगारी र धर्मपुत्रपुत्री राख्न लैजाने नाउमा घटना बढी रहेको छ। नेपालले मानव बेचबिखन बिरुद्धको कार्यक्रम गर्दै आएको ३० बर्ष भन्दा बढी भयो । तर आज सम्म पनि यसको निराकरण हुन सकेको छैन।

बिद्यमान कानुन, मानव ओसार पसार तथा बेचबिखन नियन्त्रण र सजाय गर्ने ऐन (२०६४) को परिभाषामा रहेको अन्यौलता रहेको यस क्षेत्रमा काम गर्दै आउकाहर बताउछन् । परिभाषमा सीमितताका कारण मानव बेचबिखनका घटना कानुनी दायरामा ल्याउन नसकिएको ठहर छ । वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन तथा ओसार पसारका घटनाले विकराल रुप लिँदै गएको । यस ऐनमा तथा बैदेशिक रोजगार सम्बन्धि ऐनमा बैदेशिक रोजगारीका लागि भनेर लगिएकाहरु मानव बेचबिखनका प्रावधानलाई उल्लेख नगरिएको कारण मानव बेचबिखनका धेरै घटना कानूनी दायरा ल्याउन नसकिएको यस अभियानमा लागेकाहरु बताउछन्। बेचबिखनमा परेकालाई कानुनी सहायता पाउनै सकस छ । बेचबिखनमा परी उद्धार गरिएका व्यक्तिलाई कानुनी सहायता पाउन सकस देखिएको छ। नेपाल प्रहरीको आव २०७५/७६ को चैत्र मसान्तसम्म १ सय ७४ मानव बेचबिखनको उजुरी रहेको छ । नागरिक संगठनहरुले उपलब्ध गराएको सेवा विवरणको तथ्याङ्क अनुसार २ सय ६६ जना बेचबिखनमा परेका पीडितलाई विदेशबाट उद्धार गरिएको बताइएको छ। त्यस्तै स्वदेशभित्रै ३ सय ७४ जना बेचबिखन प्रभावितको उद्धार गरिएको देखिन्छ । तर गैससहरु आफैले पनि केवल ७२ जनालाई मात्र कानूनी सहायता उपलब्ध गराएको

मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण र सजाय गर्ने ऐन (२०६४) को परिभाषामा कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्तिलाई ललाई फकाई, डर त्रास देखाई , इच्छा विपरित एक ठाउबाट अर्को ठाउमा लगी इच्छा विपरित कुनै पनि प्रकारको शोषणमूलक काममा लगाउने गरिन्छ भने त्यसलाई मानव बेचविखन तथा ओसारपसार भनिन्छ। मानिसहरुलाई शोषणमूलक घरेलु काममा लगाउन,जवरजस्ती वेश्यावृतिमा लगाउन,विवाहका लागी,किड्नी लगायत शरीरका विभिन्न संवेदनशिल अङ्गहरु वेचविखन गर्न, कृषिक्षेत्र,उद्योगधन्दा कलकारखाना र विभिन्न निर्माण सम्बन्धी क्षेत्रहरुमा शोषणमूलक काममा लगाउनु कानुन् बिपरितको कार्य ठानेको छ। यस्तो कार्य गरेको पाइन्छ । यस्तो कार्य गर्न विभिन्न रुप र वहाना बनाएर गाउघरमा राहत दिन आउने व्यक्तिहरु, आफ्ना चिनेजानेका छिमेकी एवं नातेदारहरु,विभिन्न संघसंस्थाका नाममा आउने व्यक्तिहरु आदिले यस्तो अमानवीय कार्य गर्ने सम्भावना हुने भएकोले कसैमाथि तुरुन्त विश्वास गरी हाल्नु हुदैन । कंही कतै जाने निर्णय लिनुअघि राम्ररी सोचविचार गरी पूर्ण जानकारी लिनु पर्दछ। कसैलाई झट्टै विश्वास नगर्ने, कसैले कहीं कतै जाने प्रस्ताव वा प्रलोभन देखाएको भए घर परिवार एवं साथीहरुसंग छलफल गरी निर्णय लिने र मानव बेचविखन तथा ओसारपसारका बारेमा आफू पनि सचेत हुने र अरुलाई पनि सचेत गराउने गर्नु पर्दछ। मानव बेचविखन तथा ओसार पसार गर्ने कार्य मानवता विरुद्धको कलङ्क एवं कानूनतः फौजदारी कसूर मानिन्छ।

मानव वेचविखनको समस्या नेपालमा मात्र होईन । विश्वमा नै जटिल र संवेदनशिल बन्दै गईरहेकोछ। बढ्दो गरिबी, बेरोजगारी, अज्ञानता, भेदभावपूर्ण सामाजिक संरचना, पुरातनबादी संस्कार संस्कृति,रुढीग्रस्त मानसिकता आदिका कारण बेचविखनमा पर्ने गरेका छन्। बैदेशिक रोजगारमा कामदार पठाउन प्रतिबन्ध लगाएका मुलुकहरुमा पनि कानूनको आँखा छलेर र अर्को देशको चोर बाटो हुदै महिला समेत मानव बेचविखन भैरहेको छ । हजारौंको संख्यामा नबुझी रोजगारीका लागि बिदेश जाने गर्छन्। यस तर्फ राज्यको ध्यान केन्द्रित हुन जरुरी छ । मानव बेचविखन र ओसारपसारका समस्या र समाधानका उपायतर्फ विचार गर्दा यस अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानूनी प्रावधान बलियो र सोको कार्यान्वयन प्रभावकारी हुनुपर्दछ। वर्तमान कानूनमा भएका कमिकमजोरीहरु सुधार्नु पर्दछ। समय र परिस्थिति अनुकूल नयाँ कानूनको निर्माण र कुशलतापूर्वक कार्यान्वयन गर्नु गराउनुपर्दछ। यस्तो अपराधको सुँइको पाएर सरोकारवाला पक्षलाई सूचना गरी दिने प्रत्येक नागरिकलाई उचित सम्मान गर्नुपर्दछ । यस अपराधबाट पिडित मानिसहरुलाई उपयुक्त क्षतिपूर्ति दिने दिलाउने ब्यवस्था गर्नुपर्दछ । पिडितहरुको पुनर्स्थापना गर्न आवश्यक योजरोजगारीका अवसरहरु प्रदान गर्ने, पावारिक पुनर्मिलन गराउने, गनुपर्छ । सचेतना जगाउदै हरेक मानिसले मानव बेचविखन जस्तो अमानवीय दुस्कार्यको खिलापमा उत्रनुपर्दछ। नेपालमा बेचविखनका समस्या, तस्करीक संदिग्ध गतिविधि र तिनको जालो हटाउने चानेचुने कुरा छैन । राज्यका संयन्त्रहरुले अपराधी बिभिन्न बहानामा मुद्दा कमजोर बनाएर अपराधी संरक्षण गर्ने प्रबृति बिरुद्ध आम मानसिकता त्याग्नु जरुरी छ।

मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ मा यस्तो कसुरलाई पुरानो ऐन मुलुकी ऐन २०२० भन्दा अलि बढी परिमार्जित गरिएको छ । यस ऐनमा कसैले कसैलाइ ललाईफकाई डर त्रास देखाइ इच्छा विपरीत एक ठाउबाट अर्को ठाउमा लगी इच्छा विपरीत कुनै पनि प्रकारको शोषणमूलक काममा लगाउन पाइदैन लगाएमा मानव बेचविखन तथा ओसारपसार गरेको ठहर्छ भनेर कानूनमा विस्तृत रुपमा व्याख्या गरी निम्न अनुसारको दण्ड सजाय र जरीवनाको व्यवस्था गरेको छ।

१)मानिस किनबेच गर्नेलाई २० वर्ष कैद र २ लाख जरिवना

२) कसैले कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृतिमा लगाएमा कसूरको मात्रा हेरी १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख जरिवना

३) मानिसको अंग झिक्नेलाइ १० वर्ष कैद र २देखि ५ लाखसम्म जरिवना

४) वेश्यागमन गर्नेलाई १ देखि ३ महिनासम्म कैद र २ देखि ५ हजारसम्म जरिवना

५) कुनै व्यक्तिलाई किनबेच गर्न, वा वेश्यावृतिमा लगाउन ललाई फकाई झुक्याई विदेश लैजानेलाई १०देखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख सम्म जरिवना र वालवालिका लगेको भए १५देखि २० वर्षसम्म कैद र १देखि २ लाख सम्म जरिवना

६) कसैले कुनै व्यक्तिलाईए किन्न बेच्न वा वेश्यावृतिमा लगाउने उद्देश्यले नेपालभित्रको कुनै एक ठाउदेखि अर्को ठाउमा लैजानेलाई १०वर्ष कैद र ५० हजारदेखि १ लाख सम्म जरिवना र वालवालिका लगेको भए १० देखि १२ वर्ष कैद र १ लाख सम्म जरिवना

७) कुनै व्यक्तिले शोषण गर्नेए मनसायले ओसा।रपसार गरेमा नेपालभित्र एक ठाउदेखि अर्को ठाउसम्म लैजानेलाई १ देखि २ वर्षसम्म कैद र विदेश लगेमा २ देखि ५ वर्ष कैद मानव बेचविखन तथा ओसारपसारको कसूर दुरुत्साहन, षडयन्त्र वा उद्योगगर्नेलाई कसुर गर्दा हुने सजायको आधा सजाय हुन्छ । अदालतले त्यस्तो कसुरदारबाट पिडितलाई मनासिव क्षेतिपूर्ति समेत भराईदिन सक्ने ब्यवस्था छ । मानवबेचखन गरेर भबिष्य बिगार्नेलाइ यति सजाय मात्रै पर्दैन । यसको क्ष्यतिपूर्ति न पैसाले नै हुन्छ।

संयुक्त राष्ट्रसंघले पनि हरेक वर्ष जुलाई ३० तारेखका दिनलाई मानव बेचविखन तथा ओसारपसार विरुद्धको दिवसका रुपमा मनाउदै आईरहेको छ । संसारमा फस्टाउदो अवस्थामा छ । प्रमुख तीन अवैध संगठित अपराध हातहतियार, मानव बेचविबिखन र लागु औषध मध्ये यो दोस्रो ठूलो अपराध हो । विश्वका प्राय सबैजसो मुलुकहरु यो अपराध नियन्त्रणमा करीव असफल छन । यो अपराधले पुरुष, महिला र वालवालिकालाई तारो बनाउछ । यो रोजगारी, घरेलु हिंसा, अवसरको खोजी,लोभलालच,प्रलोभनरमहत्वाकांक्षा आदिका कारण बढी हुन्छ । यसमा बेचिने व्यक्तिलाई आफू बेचिदैछु भन्ने थाह हुदैन । अहिले विज्ञान र प्रविधिमा आएको परिवर्तन संगसंगै सेरोगेट मदरको रुपमा पनि बेचिन सक्ने प्रवल सम्भावना छ । गाउशहरका वस्तीहरुमा जनचेतना जगाउने, स्कुलदेखि नै यस बारेमा शिक्षादिक्षा दिने, गलत बाटोबाट रोजगारीमा जाँदाका बेफाइदाहरु र असरको बारेमा सर्वसाधारणलाई जानकारी दिने, शंकास्पद व्यक्तिका बारेमा निगरानी राखी सम्बधित निकायमा सूचना दिने र समन्वय गर्ने,पिडितलाई आवश्यक सहयोग र परामर्श दिने, हिंसापिडितलाई आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरणको सिर्जना गर्ने, अनुसन्धान पद्दतीमा व्यापक सुधार गर्ने र कानूनको फितलो प्रावधान र त्यसको कमजोर कार्यान्वयनलाई समयानुकूल सुधार गर्दै प्रभावकारी कार्यान्वयन गर्नु पर्छ।

(लेखक महिला मानव अधिकार रक्षक सञ्जाल कास्कीकी अध्यक्ष हुनुहुन्छ।)

# एक्लेडाँडालाई पर्यटकीय गन्तव्य बनाउन पहल

पोखरापत्र संवाददाता

**तनहुँ, १९ भदौ**

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ स्थित एक्लेडाँडालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पहल थालिएको छ । धार्मिक पर्यटकीय गन्तव्य बनाउने उद्देश्यसहित यस ठाउँमा पूर्वाधार निर्माण गर्न लागिएको हो।

वडा कार्यालयले गौरवको योजनाका रूपमा सूचीकृत गरेको उक्त ठाउँमा पूर्वाधार निर्माणका लागि डिपिआर तयार भइसकेको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार वडा कार्यालयको रु पाँच लाखको बजेटमा गत वर्ष इञ्जिनीयरिङ कन्सलटेन्सीले डिपिआर निर्माण गरेको थियो । एक्लेडाँडामा बुद्धको मूर्तिसहितका पूर्वाधार निर्माणका लागि माटो परीक्षण कार्य पनि सम्पन्न भएको छ । वडा कार्यालयले नयाँ गन्तव्यका रूपमा उक्त ठाउँको पहिचान गरेको छ । वडाभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान, प्रवर्द्धन गर्दै लैजाने उद्देश्य राखिएको रेग्मीले बताउनुभयो । "सम्भावना बोकेर पनि ओझेलमा परेको यस ठाउँलाई उजागर गर्ने उद्देश्यसहित पर्यटकीय गन्तव्य बनाउन खोजेका हौं", रेग्मीले भन्नुभयो।

डिपिआरअनुसार यस ठाउँमा पूर्वाधार निर्माणका लागि रु १२ करोड ५३ लाख ३४ हजार ४०१ बजेट आवश्यकपर्ने देखिएको छ । दुई किलोमिटरको पदमार्ग र एक्लेडाँडामा गौतम बुद्धको मूर्ति निर्माण गरिनेछ । यसैगरी पृथ्वीराजमार्गअन्तर्गतलेखनाथदेखि म्याग्देसम्मबाटदेखिनेगरेरस्तनपान गराइरहेकी महिलाको विशाल मूर्तिसमेत निर्माण गर्ने योजना छ। उक्त मूर्ति १०८ फिट अग्लो हुनेछ।

एक्लेडाँडादेखि शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीमा रहेको मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामसम्म जीपलाइन निर्माण गर्ने योजनासमेत डिपिआरमा समावेश गरिएको छ । कोरोना कहर र निषेधाज्ञाका बीचमा नै यस ठाउँमा आन्तरिक पर्यटक पुग्न थालेका छन् । पर्यटक बढ्न थालेपछि गत वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रु पाँच लाखमा २५० मिटर पदमार्ग निर्माण गरिएको छ । "यो पदमार्गलाई दुई किलोमिटर बनाएर पवित्र तीर्थस्थल ढोरवाराही मन्दिरसँग जोड्ने लक्ष्य राखेका छौं", रेग्मीले भन्नुभयो । ठूलो बजेट आवश्यकपर्ने भएकाले यसका लागि सङ्घ र प्रदेश सरकारसँग माग गरिने रेग्मीले बताउनुभयो । "नगरपालिकाकोएक्लैकोबजेटबाट मात्र यो सम्भव छैन, तीन तहकै सरकारको सहभागितामा यो काम पूरा गर्छौं", उहाँले भन्नुभयो । सामाजिक सञ्जालमार्फत् विभिन्न ठाउँको प्रचारप्रसार हुने क्रममा यस ठाउँले पनि चर्चा बटुलेको छ।

शनिबार र चाडपर्वका बेलामा दैनिक २००/३०० सम्म आन्तरिक पर्यटक यहाँ आउने गरेको स्थानीयवासी टीका अधिकारीले जानकारी दिनुभयो । "अहिले त सामाजिक सञ्जालले जुनसुकै ठाउँलाई भाइरल बनाइरहेको छ, यहाँ पनि आन्तरिक पर्यटकको भीडभाड बढिरहेको छ", उहाँले भन्नुभयो, "पूर्वाधार निर्माण गर्न सकिए अझ राम्रो हुन्थ्यो ।"

एक्ले सामुदायिक वनभित्र रहेको यस ठाउँमा स्थानीय पनि खासै उक्लिदैनथे । यो गाईबाख्रा चराउने ठाउँ थियो । तर अहिले घुम्ने ठाउँ बनेको अधिकारी दङ्ग हुनुहुन्छ । "घाँस दाउरा गर्ने र गाईबाख्रा चराउने ठाउँ यस्तो होला भन्ने कल्पना पनि गरेका थिएनौं", उहाँले भन्नुभयो।

# राप्रपाको महाधिवेशन कात्तिक २७ देखि ३० गतेसम्म काठमाडौँमा

रासस

**काठमाडौं, १९ भदौ**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को महाधिवेशन आगामी कात्तिक २७ देखि ३० गतेसम्म काठमाडौँमा हुने भएको छ। राप्रपाको नयाँ नीति र नेतृत्व छनोटका लागि हुन लागेको महाधिवेशनका लागि यही भदौ मसान्तभित्र सबै जिल्लाको अधिवेशन सम्पन्न गरिसक्ने बताइएको छ । पार्टीले पहिलो पटक सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधि छनोट गर्ने विधानमा व्यवस्था गरिएको वरिष्ठ नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो। अहिलेसम्म नगर, जिल्ला र क्षेत्रबाट प्रतिनिधि छनोट हुने व्यवस्था भएकामा यसपटक त्यसको विकल्पमा नयाँ नियम लागू गरिएको छ । काठमाडौँ जिल्लाको नयाँ कार्यसमितिका लागि अधिवेशन आजदेखि शुरु भएको छ। दुई दिनसम्म सञ्चालन हुने उक्त अधिवेशनमा आज उम्मेदवारले मनोनयन दर्ता गर्ने र आइतबार निर्वाचनबाट कार्यसमिति छनोट गरिने छ।

# कांग्रेस वडा अधिवेशन म्याग्दीका ४५ मध्ये ४१ वडामा सर्वसम्मत

**–सन्तोष गौतम**
**म्याग्दी, १९ भदौ**

नेपाली कांग्रेसको वडा अधिवेशनअन्तर्गत ४५ वडा रहेको म्याग्दीमा ४३ वडामा नेतृत्व चयन भएको छ।

तीमध्ये ४१ वडामा सर्वसम्मत र दुई वडामा निर्वाचनबाट नेतृत्व चयन भएको हो। नेपाली काँग्रेस म्याग्दीका प्रवक्ता अजयमिलन श्रेष्ठले मतदान प्रक्रियाबाट बेनी नगरपालिका-५ पुलाचौरमा यामबहादुर बानियाँ र अन्नपूर्ण गाउँपालिका-६ घारमा कृष्णप्रसाद बरुवाल वडा सभापतिमा निर्वाचित भएको जानकारी दिनुभयो।

"क्रियाशील सदस्यता नवीकरण गरेकाको नामावली अन्नपूर्ण गाउँपालिका-१ दोबा र ८ राम्चेको अधिवेशन रोकिएको छ", उहाँले भन्नुभयो, "४० वडाको सबै विवरण आएको छ। दोबा र राम्चेको अधिवेशन पनि भदौ २३ गतेभित्र नै गर्न सदस्यता नवीकरणका लागि केन्द्रीय समितिमा पहल गरेका छौँ।" सात वडा रहेको धवलागिरि गाउँपालिकाको गुर्जामा केआइसिंह छन्त्याल, लुलाङमा ज्ञानबहादुर पाइजा, मुनामा जङ्गबहादुर भण्डारी, मुदीमा योगेन्द्र घर्ती, मल्कवाङमा अमर छन्त्याल, मराङमा योगेन्द्र गुरुङ र ताकममा थमबहादुर पुन वडा एकाइ सभापतिमा चयन हुनुभएको काँग्रेसको पालिका सभापति प्रेम पुनले जानकारी दिनुभयो।

प्रदेशसभा क्षेत्र (ख) म्याग्दीका उपसभापति मेक पुनका अनुसार मङ्गलाका पाँच वटा वडामा पनि सर्वसम्मत कार्यसमिति चयन भएको छ । कुहुँमा रामबहादुर खत्री, बाबियाचौरमा श्रीभद्र शर्मा, बरंजाको ३ मा टेकबहादुर छन्त्याल, ४ मा लालबहादुर रोका र अर्मनमा तुलसीराम कँडेल सभापतिमा चयन हुनुभएको छ । मालिकाको निस्कोटमा भबहादुर पुन, रुममा चन्द्रबहादुर पुन, डाँडागाउँमा हरिप्रकाश पुन, ओखरबोटमा तमबहादुर पुन, देविस्थानमा भकबहादुर घर्ती, दरबाङमा गोपाल गौतम र बीममा टुकमान गर्बुजा वडा सभापति चयन हुनुभएको छ।

वडा नं ८ मा रहेको रघुगङ्गा गाउँपालिकाको बेगमा सूर्य गर्बुजा, भगवतिमा राजकुमार भण्डारी, पिप्लेमा अशोककुमार शाही, दग्नाममा कृष्ण गर्बुजा र चिमखोलामा प्रदीप पाइजा वडा सभापति चयन हुनुभएको छ। भिँ, पाखापानीमा र कुइनेमङ्गलेमा सहमतिमा नेतृत्व चयन गर्ने पहिलेको सहमति भए पनि विद्युत् र सञ्चार सेवा अवरुद्ध भएकाले विवरण प्राप्त नभएको प्रवक्ता श्रेष्ठले बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाको भुरुङ-तातोपानीमा रेखिराम पुर्जा, दानामा सुरत केसी, नारच्याङमा समप्रसाद पुर्जा, शिखमा अर्जुन चोचाङ्गी, घारमा कृष्णप्रसाद बरुवाल र हिस्तानमा खुमबहादुर पुर्जा वडा सभापतिमा चयन हुनुभएको छ।

बेनी नगरपालिकाको रत्नेचौरमा कोमल थापा, ज्यामरुककोटमा यामबहादुर कार्की, भकिम्लीमा जसबहादुर पुन, सिङ्गामा सुमन बानियाँ, अर्थुङ्गेमा जीवन पौडेल, बेनी- ७ मा रमेशकुमार श्रेष्ठ, ८ मा हिमबहादुर भण्डारी, घतानमा सुवर्ण खत्री र पाल्लेखेतमा शिवबहादुर शाही सभापतिमा चयन हुनुभएको छ । नेपाली काँग्रेस म्याग्दीका सभापति खम्बिर गर्बुजाले आन्तरिक एकतालाई बलियो बनाउन छलफल र सहमति गरेर वडा तहमा सर्वसम्मत नेतृत्व चयन भएको बताउनुभयो।



धान गोड्दै किसान : पोखरा -१७, तल्लो बिरौटा फाँटमा धान गोड्दै किसान। तस्बिरः जमुनावर्षा शर्मा

# खोला कटानले बस्ती जोखिममा

**पोखरापत्र संवाददाता**
**दमौली, १९ भदौ**

तनहुँको शुक्लागण्डकी नगरपालिका-११ जरेबर बस्ती खोला कटानले जोखिममा परेको छ। क्याङ्दी र बर खोलाको कटानले यो बस्ती जोखिममा परेको हो। केही दिनदेखि परेको अविरल वर्षाका कारण यी दुई खोला उर्लिएर जमिन कटान गर्दै बस्तीतर्फ सोभिएपछि स्थानीयवासी त्रसित बनेका छन् । यहाँका स्थानीयवासीले वर्षौंदेखि कटानको समस्या भोग्दै आएका छन् । कटान रोक्नलाई बृहत् तटबन्धन नहुँदा खोला बस्तीतर्फ आइरहेको स्थानीयवासी सानुमाया महतले जानकारी दिनुभयो । खोलाको कटानले यहाँका १० घर उच्च जोखिममा परेका छन् । यस ठाउँमा दुई दर्जनभन्दा बढी घर छन्।

दुवैतर्फ खोलाले कटान गरेपछि बर खोलामा मोटरेबल पुल निर्माणमा खटिएको कामदार बसेको क्याम्पलाई सारिएको उहाँले बताउनुभयो । "कामदार जरेबरको चौरमा क्याम्प बनाएर बसेका थिए । कटानले खाली जमिन सकिँदैछ। खोलाको बहाव घटेको छैन, कतिबेला के हुने हो, त्रासमा छौँ", उहाँले भन्नुभयो।

गत असारमा पनि दुवैतर्फ नदीले कटान गरेको थियो। बस्ती जोगाउन शुक्लागण्डकी नगरपालिकाले ४० थान जाली दिएको थियो । खोलालाई डाइभर्ट गराउन नसक्दा तटबन्धन गर्न नसकेको महतले बताउनुभयो । बस्ती जोगाउनलाई बृहत् गुरुयोजना बनाएर तटबन्धन गर्नुपर्ने उहाँको सुझाव छ।

यसैगरी क्याङ्दी खोलाकै कटानले भिमाद नगरपालिका-८ अरौदीको बस्ती पनि जोखिममा परेको छ । क्याङ्दी खोलाको बहाव बस्तीतर्फ आएपछि जोखिम बढेको हो । कटानकै कारण चार घर विस्थापित भएको वडाध्यक्ष बुद्धिमान श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार अरौहीको बस्तीमा ६५ घरधुरीको बसोबास छ । अन्य घरपरिवार तत्कालै विस्थापित हुने अवस्था नरहे पनि पूरै बस्ती जोखिममा परेको श्रेष्ठले बताउनुभयो । "असारमा बस्तीतिर नदी सोभिन थालेपछि नगरपालिकाको स्काभेटर लगाएर धार परिवर्तनको काम गरेका थियौँ।

अहिले फेरि खोला बस्तीतिर सोभिएको छ", उहाँले भन्नुभयो । अरौदीमा क्याङ्दी खोलाले क्याङ्दी मार्गको सडक पूरै बगाएको छ। असारमा कटान भएपछि केही समय ठूला सवारी चल्न सकेनन्।

खोलाको धार परिवर्तन गरेपछि सवारी चलेको थियो । अहिले निरन्तर एक साता परेको अविरल वर्षाले खोला बढेर असारमा सडक कटान गरेकै ठाउँबाट बग्न थालेपछि भिमाद नगरपालिका र शुक्लागण्डकी नगरपालिकाका केही बस्ती पुनःयातायात सञ्जालबाट सम्पर्कविच्छेद भएका छन्।

# हेमजामा अगुवा कार्यकर्ता भेला

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ भदौ**

नेपाल कम्न्युष्ट पाटी एमाले पोखरा २५ हेमजाको अगुवा कार्यकर्ता भेला तथा पाटी कार्यालयको समुउद्घाटन कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको अबसर पारी पोखरा २५ हेमजा साझाचोकमा वडा कमिटी कार्यालय स्थापना गरिएको छ।



समुउद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं पुर्ब युवा तथा खेलकुद मन्त्री जगत बि.क ले स्थानिय तहबाटै एकताबद्ध हुदै केन्द्रसम्म पहुच पुऱ्याउदै नेकपा एमालेलाई अगाडी बडाउन आ-आफनो ठाउँबाट लागि पर्नुपर्नेमा जोड दिए। पूर्व सांसद एवं केन्द्रीय सदस्य सितागिरी औलीले आफु जहिलेपनि नेकपा एमाले फुटेर होइन जुटेर अगाडी बड्नुपर्ने पक्षमा रहेको बताउदै कार्यकर्ता स्थरबाटै खबरदारी गर्न अनुरोध गरिन । कार्यक्रममा महानगर कमिटी अध्यक्ष एवं हेमजा इन्चार्ज दिपक पौडेलले संगठनलाई चुस्तदुरुष्त राखन सके नेकपा एमालेको भविष्य सुन्दर रहनेमा जोड दिए। कमिटी अध्यक्ष सिबकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत ऋषिराम पौडेलले र सञ्चालन सचिब घनश्याम तिमिल्सिनाले गरेका थिए।

# पहिराले खानेपानी आयोजनाको पाइप बगायो

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ भदौ**

व्यास नगरपालिका-१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले व्यास-१३ खिरखाँदीबाट ल्याएको खानेपानीको पाइप पहिराले बगाएर क्षति पुगेको छ।

दुई दिन निरन्तर परेको बर्सातले व्यास नगरपालिका-१३ स्थित धारापानी नजिक डाँडो नै खसेर खानेपानीको पाइप बगाएपछि पानी आपूर्ति बन्द भएको छ । पहिराले खानेपानीको पाइप बगाएर सेतीनदी किनारसम्म पुराएको संस्थाका सचिव राजेश्वर हड्खलेले जानकारी दिनुभयो । डोजरले पनि पल्टाउन नसक्ने किसिमका ठूला ठूला ढुङ्गा थुप्रिएको छ। उहाँले भन्नुभयो, "२०० एमएमको जिआइ पाइप ६५ मिटर बगाएर क्षति भएको छ।" घटनास्थलको अवस्था हेर्दा एक महिनामा पनि पन्छाएर नसकिने देखिएको उहाँले बताउनुभयो । पहिराको क्षतिबाट करिब रु चार लाख बराबरको क्षति भएको अनुमान गरिएको छ। खिरखाँदीको मुहानबाट ल्याइएको पानीको क्षमता प्रतिसेकेण्ड नौ लिटर रहेकोमा पहिराले अवरुद्ध बनाएपछि पानी वितरणमा समस्या देखिएको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । उक्त आयोजनाको पानी सञ्चालन नहुँदासम्म छाब्दी खोला लिफ्टिङ र धुपखोलाको पानीले एक दिन बिराएर पानी आपूर्ति गर्न सकिन्छ कि भन्ने विषयमा समितिमा छलफल भइरहेको उहाँले बताउनुभयो।

पहिराले क्षति बनाएपछि अस्थायीरुपमा पोलिथिन पाइप प्रयोग गरेर भए पनि जति सक्दो चाँडो पानी सञ्चालन गर्न सकिन्छ कि भनेर छलफल अघि बढाइएको छ। उक्त खिरखाँदी खोला सदरमुकाम दमौलीदेखि करिब १३ किलोमिटर दूरीमा पर्दछ । उक्त संस्थाले दुई हजार ५०० घरधुरीमा पानी वितरण गर्दै आएको जनाएको छ । नेपाल सरकारको सहलगानीमा निर्माण गर्न लागेको मादी नदी लिफ्टिङ खानेपानी आयोजनाको द्विपक्षीय सम्झौता गरिसकिएको छ । नेपाल सरकारको ७० प्रतिशत, स्थानीय श्रमदान २० प्रतिशत र स्थानीयको १० प्रतिशत नगद बेहोर्नुपर्ने व्यवस्था रहेको छ।

सहलगानीमा कूल रु २६ करोड १४ लाख ९३ हजार ५१८ को लागतमा उक्त खानेपानी आयोजना सम्पन्न गर्ने योजना रहेको छ। बर्सेनि बाढी पहिराले खानेपानीमा क्षति पुऱ्याउन थालेपछि समितिले मादीनदी लिफ्टिङ आयोजनालाई जोड दिएको छ।

# रेडक्रसकर्मीद्वारा ३२ शवको निःशुल्क व्यवस्थापन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ भदौ**

यहाँ पछिल्लो पाँच महिनाको अवधिमा कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाएका ३२ जनाको शव रेडक्रसकर्मीले निःशुल्क व्यवस्थापन गरेका छन्।

स्थानीय तहले सञ्चालन गरेका कोरोना अस्पतालमा ज्यान गुमाएका सङ्क्रमितको शव व्यवस्थापन गर्न गत वैशाखमा नेपाल रेडक्रस सोसाइटीले शाखाका उपमन्त्री सुरत केसीको नेतृत्वमा स्वयंसेवकको टोली बनाएको थियो । शाखा सभापति लेखबहादुर हमालले कोरोना सङ्क्रमणबाट ज्यान गुमाएका ३२ जनाको शव सरकारको मापदण्ड पूरा गरेर रेडक्रसकर्मीले निःशुल्क व्यवस्थापन गरेको जानकारी दिनुभयो । उपमन्त्री केसीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी आनन्द रिजाल, बेनी अस्पतालका कर्मचारी जनक सोनामलगायतका शव व्यवस्थापन गर्ने स्वयंसेवक टोली बनाइएको थियो । पहिलो र दोस्रो लहरको कोरोनाबाट म्याग्दीमा तीन हजारभन्दा बढी सङ्क्रमित भएका र १०० भन्दा बढीको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ । रेडक्रसको स्थापना दिवसका अवसरमा आज बेनीमा आयोजित कार्यक्रममा शाखाले कोरोना महामारी नियन्त्रण, विपद् व्यवस्थापनको क्षेत्रमा गरेका गतिविधिका बारेमा जानकारी गराइएको थियो।

सोही कार्यक्रममा पत्रकारका लागि पत्रकार महासङ्घ जिल्ला शाखाका अध्यक्ष प्रकाश पौडेल र सचिव सन्तोष गौतमलाई दुई हजार थान सर्जिकल मास्क र ४० बोतल स्यानिटाइजर उपलब्ध गराइएको छ । रेडक्रसले विपद् व्यवस्थापन, बेनीमा रक्तसञ्चार गृह र दरबाङमा आँखा उपचार केन्द्र, तीनवटा एम्बुलेन्स सञ्चालनका साथै रघुगङ्गा गाउँपालिकाको बेग, दग्नाम र चिमखोलामा आइरिस रेडक्रसको सहयोगमा एक हजार जनालाई विभिन्न सीपमूलक तालिम प्रदान गरेको जनाएको छ।

कोरोना नियन्त्रणका लागि विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय, उपशाखालाई स्वास्थ्य सामग्री वितरण गरेको रेडक्रसको गोदाममा ४० हजारभन्दा बढी मास्क छन् । गत बर्खामा १४८ परिवारलाई नगद र राहत सामग्री तथा यसपालि ८० परिवारलाई राहत सामग्री उपलब्ध गराइएको थियो । रेडक्रसले बेनी अस्पताल परिसरमा सञ्चालन गरेको रक्तसञ्चार गृहबाट सुविधा लिनेलाई स्थानीय तहहरूसँगको समन्वयमा निःशुल्क रगत परीक्षण गर्ने व्यवस्था मिलाउन लागेको छ। त्यसका लागि रघुगङ्गा गाउँपालिकाले रु एक लाख र जिससले रु एक लाख उपलब्ध गराएका छन् । रेडक्रसले दरबाङमा सञ्चालन गरेको आँखा उपचार केन्द्र भने व्ययभार थेग्न नसकेपछि बन्द गर्नुपर्ने अवस्था आएको सभापति हमालले बताउनुभयो।

# १५७ घरमा 'एक घर, एक धारा'

**पोखरापत्र संवाददाता**
**वालिङ, १९ भदौ**

लामो समयदेखि खानेपानीको समस्या भेल्दै आएका यहाँका प्रत्येक घरमा 'एक घर एक धारा' जडान गरिएको छ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-२ को लसर्घा बैंसीका १५७ घरमा धारा निर्माण भएसँगै खानेपानीको पहुँच पुगेको हो । कालीगण्डकी गाउँपालिकाको रु २८ लाख २० हजार ३५९ र प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रु १० लाख गरी कूल रु ३८ लाख २० हजार ३५९ को लागतमा खानेपानी योजना निर्माण सम्पन्न भएको खानेपानी मर्मत तथा सरसफाइ परियोजना (वास) का संयोजक भागिरथ अधिकारीले जानकारी दिनुभयो । गाउँभन्दा दुई किलोमिटर टाढा रहेको तातोपानी मूलबाट पानी ल्याई गाउँभन्दामाथि रहेको माझटोलमा ट्याङ्की निर्माण गरी सोहीमार्फत् गाउँका प्रत्येक घरमा वितरण गरिएको संयोजक अधिकारीले बताउनुभयो।

मगर समुदायको बसोबास रहेको स्याङ्जाको सुदूरपश्चिम गुल्मी तथा पाल्पाको सिमानासँग जोडिएको लसर्घा बैंसीका नागरिकले स्थानीय ठाउँमा रहेका पानीको स्रोत कुवा, खोल्साखोल्सीका खानेपानीबाट तिर्खा मेट्दै आएका थिए । "यो योजना आउनभन्दापूर्वको समयमा कुवा र खोल्साखोल्सीबाट पानी गाग्रीमा बोकेर खानुपर्ने बाध्यता थियो", तातोपानी खानेपानी मर्मत तथा सरसफाइ योजनाका अध्यक्ष पदम थापाले भन्नुभयो, "त्यो पनि पर्याप्त थिएन घण्टौँसम्म लाइनमा बस्नुपर्थ्यो, शुद्ध थिएन तर नखाई नहुने स्थिति थियो।" घरघरमै खानेपानीको धारा जडान भएपछि जतिबेला पनि पानीको सहज पहुँच पुगेकाले पिउनदेखि गाईभैंसी तथा करेसाबारीमा पनि प्रयोग गर्न सकिने भएको अध्यक्ष थापाले बताउनुभयो । प्रत्येक घरमा मिटर जडान गरिएको छ भने मर्मत तथा पानी खोल्ने बन्द गर्नका लागि दुई जना कर्मचारी राखिएको छ। "खानेपानीको जोहो गर्नका लागि गाग्री लिएर टाढा रहेको कुवामा जानुपर्ने बाध्यता हटेको छ", अध्यक्ष थापाले भन्नुभयो, "घरघरमै धारा जडान भएर चौबिसै घण्टा पानी आउन थालेपछि यहाँका बासिन्दालाई सहज र सुविधा भएको छ, आँगनमै पानीको पहुँच पुगेपछि स्थानीय हर्षित पनि छन्।"

स्याङ्जाको कालीगण्डकी गाउँपालिकामा खानेपानी तथा सिँचाइका लागि पानीको समस्या भएकाले गाउँपालिकाले खानेपानी तथा सिँचाइका लागि योजना अगाडि बढाइरहेको छ। केही निर्माण सम्पन्न भइसकेका छन् भने केही निर्माणको चरणमा रहेका वास संयोजक अधिकारीले बताउनुभयो।

# नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स संघ गठन

**पोखरापत्र संवाददाता**
**दमौली, १९ भदौ**

नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स सङ्घ गण्डकीले तनहुँमा सङ्घलाई विस्तार गरेको छ । दमौलीमा आज सम्पन्न भेलाले काशीनाथ भट्टराईको अध्यक्षतामा जिल्ला समिति विस्तार गरेको हो । समितिको उपाध्यक्षमा शमशेरबहादुर गैह्रे र सुकबहादुर गुरुङ, सचिवमा ईश्वरप्रसाद पोखेल, कोषाध्यक्षमा भरत विक तथा सदस्यमा गणेश थापा, उमेश पौडेल, रुपक पन्त, निकेश गुरुङ, होमनाथ भट्टराई र सन्तोष विक चयन चयन हुनुभएको छ।

भेलालाई सम्बोधन गर्दै नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स सङ्घ गण्डकीका अध्यक्ष विष्णु पुनले खेलकूदमा भइरहेको विकृति अन्त्यका लागि जोड दिनुभयो। उहाँले नेपालको मार्सल आर्टस खेलमा छुट्टै पहिचान बोकेको नेपाल केन्पो खुकुरी मार्सल आर्टस्ले खेलकूदका विकृतिविरुद्ध आवाज बुलन्द गर्ने बताउँदै भन्नुभयो, "हामी खेलको विकाससँगै खेलकूदको विकासमा तगारो बनेको विकृतिविरुद्धसमेत एक ढिक्का भएर अघि बढ्नेछौँ।"

नेपाल केन्पो खुकुरी मार्सल आर्टस सङ्घ गण्डकीका उपाध्यक्ष एवं तनहुँका इन्चार्ज हरिराज जोशीको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय युवा परिषद् जिल्ला युवा समिति तनहुँकी अध्यक्ष रिता ढकाल, नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स सङ्घ कास्कीका उपाध्यक्ष मोहन भट्टराई लगायतले बोल्नुभएको थियो।

# आठ महिनामा ६६ हजार बढी विदेशी पर्यटक भित्रिए

**रासस**
**काठमाडौं, १९ भदौ**

सन् २०२१ को आठ महिनामा ६६ हजारभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन्।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अगष्ट महिनासम्म ६६ हजार नौ सय ६६ विदेशी पर्यटक नेपाल आएका हुन् । अगष्ट महिनामा हवाई मार्ग भएर पाँच हजार ९१७ विदेशी पर्यटन नेपाल भित्रिएका छन्। उक्त महिना नेपालबाट पाँच हजार ८३ विदेशी बाहिरिएका छन् । अघिल्लो वर्ष सन् २०२० को सोही महिनामा जम्मा २६५ मात्र पर्यटक आएका थिए। कोभिड-१९ अघि सन् २०१९ को अगष्टमा ९४ हजार ७४९ पयटक नेपाल आएको तथ्याङ्क छ। कोभिड-१९ महामारीको नराम्ररी असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ । विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको सङ्ख्या निराशाजनक देखिन्छ । बोर्डका प्रवक्ता मणि लामिछानेले महामारीकैबीच पनि झिनो सङ्ख्यामा भए पनि विदेशी पर्यटक नेपाल आइरहेका बताउनुभयो । उहाँका अनुसार यो वर्षको जनवरी महिनामा आठ हजार ८७४, फेब्रुअरीमा नौ हजार १४६, मार्चमा १४ हजार ९७७, अप्रिलमा २२ हजार ४५०, मेमा एक हजार ४६८, जुनमा एक हजार १४३ र जुलाईमा दुई हजार ९९१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्।